नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-५९१ दायर मिति:-२०८१/०२/३०**

**फैसला मितिः-२०८१/०२/३०**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्र.स.नि.फुलदेव प्रसाद यादव समेतको प्रतिवेदनले** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १० घडिअर्वा बस्ने नन्दु साह कानुको छोरा वर्ष २१ को अर्जुन कुमार कानु.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन ।
२. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संजिव साह समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०२।११ गते साझ अं. १७:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महनगरपालिका वडा नं. २३ ट्रायल सेन्टर स्थित प्रतिवादी अर्जुन कुमार कानुले अनावश्यक रुपमा हो-हल्ला गरिरहेकोमा म समेतको प्रहरीले निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निज प्रतिवादीले उल्टै हामी प्रहरी टोली माथी अपशब्द भाषाको प्रयोग गरी गाली, गलौज गरी हातपात समेत गरी डिउटीमा बाधा अबरोध गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी अर्जुन कुमार कानुलाई कैद दिन १९ र जरिवाना रु.१५००/- अक्षरेपी एक हजार पाँच सय मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी अर्जुन कुमार कानुलाई ठहरेको कैद दिन १९ को हकमा निज मिति २०८१/०२/११ देखि २०८१/०२/२९ सम्म हिरासतमा भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१५००/- असुल उपर गर्नु ------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना ३० गते बुधवार रोज ४/ ने.सं. ११४४ तछलाथ्व षष्ठी, शुभम् ........